विगु गाउँपालिका
कार्यपालिकाको कार्यालय
लादुक, दोलखा

# विगु गाउँपालिकाको सार्वजनिक सम्पत्तिको संरक्षण तथा व्यवस्थापन निर्देशिका, २०७८

**प्रस्तावनाः**

विगु गाउँपालिका क्षेत्रमा स्थापना भएका सार्वजनिक संरचना एवं सम्पत्तिको संरक्षण तथा व्यवस्थापन गर्न सरोकारवाला सबैलाई जिम्मेवार बनाई समग्र सार्वजनिक सम्पत्तिको संरक्षण तथा व्यवस्थापन गर्न स्थानीय कानुन निर्माण गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) बमोजिम गाउँकार्यपालिकाको बैठकले यो निर्देशिका बनाई जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो निर्देशिकाको नाम "विगु गाउँपालिकाको सार्वजनिक सम्पत्तिको संरक्षण एवं व्यवस्थापन निर्दशिका, २०७८" रहेको छ।

(ख) यो निर्देशिका गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) "सार्वजनिक सम्पत्ति" भन्नाले सार्वजनिक रुपमा उपयोग हुने गरी निर्माण वा स्थापना गरिएको सडक, पाटी, पौवा, प्रतिक्षालय, पोखरी, खोला, सार्वजनिक जग्गा, खेलमैदान, सार्वजनिक विद्यालय, सामुदायिक भवन, धारो, बगैंचा, चरन, पुलपुलेसा, सार्वजनिक पार्किङ्ग क्षेत्र, सार्वजनिक शौचालय, हेलिप्याड वा अन्य सार्वजनिक सम्पत्ति समेतलाई जनाउँदछ।

(ख) "गाउँपालिका" भन्नाले बागमती प्रदेश, दोलखा जिल्लामा रहेको विगु गाउँपालिकालाई सम्झनु पर्दछ।

(ग) "संरक्षण" भन्नाले सार्वजनिक सम्पत्तिको उपयोग, संरक्षण, व्यवस्थापन, आदि कार्यलाई सम्झनु पर्दछ।

(घ) "समिति" भन्नाले यस निर्देशिका बमोजिम गठन भएको सार्वजनिक सम्पत्तिको संरक्षण तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

(ङ) "क्षति" भन्नाले कुनै व्यक्ति, समूह वा पक्षले नियतवश सार्वजनिक सम्पत्तिको उपयोग गर्न सकिने वा नसकिने गरी पुऱ्याएको असर वा त्यसको परिणामलाई सम्झनु पर्दछ।

(च) "क्षतिपूर्ति" भन्नाले सार्वजनिक सम्पत्तिमा क्षति पुगेको अवस्थामा त्यस्तो क्षति पुऱ्याउने व्यक्ति, समूह वा पक्षबाट यस निर्देशिका बमोजिम भराइने रकमलाई सम्झनु पर्दछ।

(छ) "कोष" भन्नाले सार्वजनिक सम्पत्तिको क्षति पुऱ्याउने व्यक्ति, समूह वा पक्षबाट यस निर्देशिका बमोजिम भराइने क्षतिपूर्तिको रकम जम्मा गर्ने कोषलाई सम्झनु पर्दछ।

(ज) "मर्मत सम्भार" भन्नाले सार्वजनिक सम्पत्तिको मर्मत सम्भारलाई सम्झनु पर्दछ र सो शब्दले सार्वजनिक सम्पत्तिमा कसैले पुऱ्याएको क्षतिको क्षतिपूर्तिबाट हुने मर्मत सम्भारलाई समेत जनाउनेछ।

**३. सार्वजनिक समिति संरक्षण तथा व्यवस्थापन समितिः**

(१) विगु गाउँपालिकाको सार्वजनिक सम्पत्ति संरक्षण तथा व्यवस्थापन गर्न देहायको पदाधिकारीहरु रहेको समिति रहनेछ।

(क) गाउँपालिकाको अध्यक्ष — संयोजक

(ख) गाउँपालिकाको उपाध्यक्ष — सदस्य

(ग) लेखा समितिको संयोजक — सदस्य

(घ) स्थानीय प्रहरी कार्यालयको प्रमुख — सदस्य

(ङ) सम्बन्धित वडाको वडाध्यक्ष — सदस्य

(च) प्राविधिक शाखाको प्रमुख वा निजले तोकेको प्राविधिक कर्मचारी — सचिव

(छ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत — सदस्य सचिव

(२) समितिको कूल सदस्य संख्या मध्ये ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(३) समितिको बैठक आवश्यकतानुसार बस्न सक्नेछ। बैठकसम्बन्धी कार्यविधि र अन्य व्यवस्था समिति स्वयंले निर्धारण गर्न सक्नेछ।

(४) वडा वा टोलस्तरमा समेत सार्वजनिक सम्पत्तिको संरक्षण तथा व्यवस्थापन गर्न समिति गठन गर्न सकिनेछ।

**४. समितिको काम, कर्तब्य र अधिकार**

(क) गाउँपालिका भित्रको सार्वजनिक सम्पत्तिको विवरण अद्यावधिक गराई अभिलेखमा राख्न लगाउने

(ख) सार्वजनिक सम्पत्तिको नियमित अनुगमन तथा निरीक्षण गरी त्यसको प्रतिवेदन गाउँपालिकामा राख्न लगाउने

(ग) सार्वजनिक सम्पत्तिमा कसैले नियतवश क्षति पुऱ्याएमा त्यसउपर कारबाही गर्ने

(घ) सार्वजनिक सम्पत्तिको संरक्षणार्थ निरोधात्मक र प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने

(ङ) नियमित रुपमा समितिको बैठक बसी भए गरेका प्रगतिको समीक्षा गर्ने

**५. क्षतिपूर्ति सम्बन्धी प्रक्रियाः** सार्वजनिक सम्पत्तिको उपयोग गर्ने क्रममा वा अन्य कुनै बहानामा कुनै व्यक्ति, समूह वा पक्षले सार्वजनिक सम्पत्तिको हानी नोक्सानी हुने कार्य गरे वा गराएमा देहायानुसारको प्रक्रिया पुऱ्याई समितिले क्षतिपूर्ति भराउन सक्नेछ।

(क) सार्वजनिक सम्पत्तिमा क्षति पुगेको विषयमा कुनै जानकारी प्राप्त भएमा जो कोहीले गाउँपालिकालाई अविलम्ब जानकारी दिनु निजको दायित्व हुनेछ। यसरी जानकारी गराउँदा

विगु गाउँपालिका
कार्यपालिकाको कार्यालय
लाद्uk, दोलखा

सम्भव भएसम्म क्षति पुगेको सार्वजनिक सम्पत्तिको फोटो तथा अन्य विवरण समेत पठाउनु पर्नेछ।

(ख) सार्वजनिक सम्पत्तिमा क्षति पुगेको जानकारी प्राप्त भए पश्चात गाउँपालिकाले यथाशक्य छिटो त्यस्तो क्षति भएको ठाउँमा प्राविधिक सहितको टोली खटाउन सक्नेछ।

(ग) प्राविधिकसहितको टोलीले सम्भव भएसम्म नजिकको प्रहरी प्रतिनिधिलाई समेत बोलाई क्षतिको विवरण लिनुपर्नेछ। क्षतिको विवरण लिंदा सम्भव भएसम्म मूल्य खुल्ने गरी विवरण तयार गर्नुपर्नेछ। मूल्य नखुल्ने क्षतिको हकमा समितिले बैठक बसी निर्णय गर्नेछ।

(घ) प्राविधिकसहितको टोली वा समितिको निर्णय बमोजिम क्षतिको मूल्य खुल्ने गरी प्राप्त भएको विवरणलाई समितिले क्षतिपूर्ति भर्नका लागि त्यस्तो क्षति पुऱ्याउने व्यक्ति, समूह वा पक्षलाई पत्राचार गर्नेछ।

(ङ) प्राविधिक प्रतिवेदनको आधारमा समितिले दिएको निर्देशन बमोजिम क्षतिपूर्ति उठाइनेछ। त्यस्तो रकम तत्काल उक्त स्थानमा भएको क्षतिको मर्मत सम्भारमा खर्च गरिनेछ।

(च) कुनै व्यक्तिले सार्वजनिक सम्पत्तिको हानी नोक्सानी पुऱ्याएको अवस्थामा क्षतिपूर्ति नतिर्ने तर आफैं मर्मत सम्भार गरिदिने भएमा समितिको निर्णय अनुसार प्राविधिकको उपस्थितिमा मर्मत सम्भार कार्य गर्न वा गराउन सक्नेछ।

(छ) मर्मत सम्भार नगर्ने, क्षतिपूर्ति नतिर्ने र जबरजस्ती गर्नेलाई प्रचलित कानून बमोजिम कारबाही गर्न सम्बन्धित प्रहरी वा अन्य निकायमा लेखी पठाउन सकिनेछ।

६. **बाधा अड्काउ फुकाउः** यस निर्देशिका बमोजिमको व्यवस्था कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

७. **संशोधन वा खारेजीः** यस निर्देशिकामा कुनै संशोधन वा कुनै नियम खारेज गर्नु परेमा कार्यपालिकाले निर्णय गरी खारेजी वा संशोधन गर्न सक्नेछ।

बिगु गाउँपालिका
कार्यपालिकाको कार्यालय
लादुक, दोलखा